# नयाँ नेपालको आधार : जलविद्युतको विकास

**ज्ञानेन्द्र लाल प्रधान**

विधानसभाको निर्वाचनपछि मुलुक यतिवेला नयाँ इतिहास निर्माणको सँघारमा मात्र उभिएको छैन, राजनीतिक क्रन्तिको शिखरबाट आर्थिक क्रान्तिको युगीन परिवर्तनको नयाँ विहानी चुम्न आतुर छ। नयँ नेपाल निर्माणको आधार, आधुनिक भौतिक पूर्वाधार भन्ने नारालाई आर्थिक विकासको सूत्रबाक्य बनाएर सशस्त्र द्वन्दबाट खुला राजनीतिमा आएको नेकपा (माओवादी) सत्तारोहणका लागि आतुर देखिन्छ। १० वर्षसम्म्मको हिंसात्मक राजनीतिबाट एकैपटक राष्ट्रिय राजनीतिको अग्रपंतिमा रहन पुगेको माओवादी विगतमा जनतासामु गरेका वचनवद्धता र संविधानसभामा ब्यक्त प्रतिवद्धताहरुलाई अब कार्यान्वयन गराउने अवसर र चुनौतिको दोसाँधमा रहेको छ।

विकसित भौतिक पूर्वाधार विना नयाँ नेपालको कल्पना सपना मात्र हुन्छ भन्नु हिजो जति सजिलो थियो अब त्यसलाई वास्तविकतामा रुपान्तरण गर्नु झन ठूलो चुनौति अगाडि खडा भएको छ माओवादीका निम्ति। जलश्रोत र जलविद्युतको विकासलाई नयाँ नेपाल निर्माणको प्रमुख आधार बनाउने माओवादी घोषणपत्रमा व्यक्त प्रतिवद्धताको सफल कार्यान्वयन आजको राष्ट्रिय आवश्यकता हो। यसैलाई केन्द्रविन्दु बनाएर निम्ति अब माओवादीको नेतृत्वमा बन्ने सरकारको मुख्य आर्थिक एजेण्डा बन्नु आवश्यक छ।

विगतमा जलविद्युत विकासमा पुऱ्याउन नसकिएको ध्यान र गैरजिम्मेवारीका कारण दैनिक ८ घण्टाको लोडसेडिङ मार खेपिरहेका नेपालीका निम्ती यो घोषणाले निकै आश्वस्त तुल्याएको छ। कतै यो घोषणापत्र पनि विगतमा अन्य दलहरुबाट प्रस्तुत भएजस्तै कागजको पानामा नै सिमित नहोला भनेर ढुक्क हुन सक्ने अवस्था छैन। किनकी आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत उत्पादन गर्नै महत्वाकाँक्षी योजनाको सपनाले मूर्तता पाउन लगानीको श्रोत र लगानीमैत्री वातावरण बन्ने कुरामा विश्वास गर्न सकिने आधार अझै बन्न सकेको देखिदैन।

*बाँकी ७पृष्ठमा*